हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ४२ पृष्ठ : ४ २०७७ भदौ १० गते बुधबार (Wednesday 26 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• कटैया मृत्यु घट्ना •

## सखुवानन्कारकट्टी-१ स्थित मुखिया बस्ती शोकमा


सुनसान सखुनन्कारकट्टी-१ कटैयास्थित मुखिया बस्ती ।


किरिया बसेका मृतक रामउदगारका १३ वर्षीय छोरा राहुल ।


काखे बालक सहित टोलाई रहेकी रामउदगार पत्नी गीतादेवी ।

**लहान** । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ कटैया मुखिया टोलमा सन्नाटा छाएको छ । ४० घरपरिवार मुखिया समुदायको बसोबास रहेको टोलका आइतबार एकैं दिन दुई युवा गरी तिन जनाको मृत्यु भएपछि बस्ती शोकमा डुबेको छ । सँगै उनीहरूको चेहेरामा त्रास पनि ।

एकाध बाहेक गाउँब्लक जग्गामा बसेको बस्तीका अधिकांश भुँमिहीन सुकुम्बासी छन् । झुरूप्प बस्तीमा गाउँका एकै प्रकारको लक्षणबाट तीन दिन अवधिमा चार जनाको मृत्यु भएको छ । छिमेकी टोलबाट मदिरा सेवन गरेर आएका कटैयाका ३८ वर्षीय रामउदगार मुखियाको आइतबार बिहान टाउको दुख्ने, बान्ता आउने र पछि बेहोस भएर मृत्यु भएको थियो । त्यही लक्षणबाट बेहोस भएका कटैयाका २८ वर्षीय दिपेश मुखियाको धरानमा उपचारका क्रममा सोही दिन साँझ ५ बजे मृत्यु भएको थियो ।

यसअघि त्यही लक्षणबाट ६५ वर्षीय कुशेश्वर मुखियाको भदौं ५ गते मृत्यु भएको थियो । मृतकका लहरै झुरूप्प घर छन् । आइतबार विहान मृत्यु भएका रामउदगार निर्माण कामका राजमिस्त्री थिए । उनले दैनिक हजार रूपैयाँ कमाउँथे । तर लकडाउन भएपछि त्यत्ति मजदुरीमा जान नपाएका उनी बिहानैदेखि मदिरा पिउने गरेको रामउदगारका भाई मेखना मुखियाले सुनाए । रामउदगारको एक्लो कमाइबाट पत्नी गीतादेवी, १५ वर्षीया छोरी रेनु, १३ वर्षीय छोरा राहुल र काखे ६ महिनाको कार्तिकको गुजारा चलेको थियो । मृत्युको खबरसँगै पत्नी गीतादेवीको होस राम्ररी खुलेको छैन । रामउदगारको मृत्युपछि गुजारा कसरी चलाउने भन्ने समस्या थपिएको १५ वर्षीया छोरी रेनुले दुःखेसो पोखिन । त्यसो त गीतादेवी रामउदगारका कान्छी पत्नी हुन । जेठि पत्नीले १० वर्षअघि छोडपत्र गरेपछि रामउदगारले गीतादेवीलाई मगनी गरि भित्र्याएका थिए । जेठिपट्टीका छोरी रेनु र छोरा राहुल हुन । गीतादेवीको ६ महिनाको काखे छोरा कार्तिक छन् ।

मुखिया बस्तीका कुशेश्वर मुखियाको मृत्यु भएपछि उनका दुई भाइ छोरा राजेश्वर र रमेश कर्ता बसेका छन् । कुशेश्वरका ५६ वर्षीया पत्नी दु ःखनीदेवि ४ वर्षदेखि मानसिक रोगी थिइन् । बरबराई रहने पत्नी दु ःखनीको पीडाले बुबा कुशेश्वरले कहिलेकाही मदिरा सेवन गर्ने गरेको कर्ता बसेका छोरा राजेश्वरले सुनाए । 'त्यही पीरले बुबाले मदिरा पिउनु हुन्थ्यो,' राजेश्वरले दु ःखेसो पोखे, 'तर भदौ ५ गते मदिराले बुबाको ज्यान लियो ।' वैदेशिक रोजगारी कतारबाट दुवै भाई राजेश्वर र रमेशले कमाएको पैसाले १० कठा जग्गा जोडेपनि उनीहरु कृषि मजदुरी गरि गुजारा चलाउँछन् ।

मुखिया बस्तीमैं टासिएको ३८ वर्षीय श्यामदेव यादवको घर छ । ४ वर्ष मलेसिया बसेर गत चैत ५ गते घर आएका श्यामदेव पनि बिहानैदेखि घरेलु मदिरा पिएर बस्ने गरेको उनकी आमा ६३ वर्षीया असलानदेवी यादवले दुःखेसो पोखिन । 'केही बिरामी थिएन, त्यही मदिराले छोराको ज्यान लग्यो,' उनले दु ःखेसो पोखिन । श्यामदेवको मृत्यु पछि १३ वर्षीय छोरा पारस, ८ वर्षीय छोरा प्रिन्स र ९ वर्षीया छोरी कृति टुहुरो बनेकी छन् ।

१० कठामात्र जग्गा जमीन भएका उनको परिवारमा गुजारा कसरी चलाउने भन्ने पीरलो थपिएको असलानदेवीले दु ःखेसो पोखिन । एकै प्रकारको लक्षणबाट दुई दिनमा तिन जनाको मृत्यु भएपछि कटैया गाउँ त्रसित बनेको छ ।

बाँकी ३ पेजमा

## सिरहामा १५ संक्रमित थपिए

**लहान** । सिरहामा मंगलबार १५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका अनुसार संक्रमण पुष्टि भएकामा सुखीपुर नगरपालिका-९ का २५ देखि ५५ वर्ष उमेर समूहका ३ पुरूष, कर्जन्हा नगरपालिका-६ का ३९ वर्षीय पुरूष, लहान नगरपालिका-२, ८ र २४ का २१ देखि ३२ वर्ष उमेर समूहका ५ जना पुरूष छन् ।

त्यसैगरी, धनगढीमाई नगरपालिका-१२ का २३ वर्षीय एक युवक, भगवानपुर गाउँपालिका-३ का २१ वर्षीय एक युवक, मिर्चैया नगरपालिका-४ र ७ का २८ देखि ६२ वर्ष उमेर समूहका ३ पुरूष र बरहथवा-१० का ३५ वर्षीय एक पुरूष रहेका छन् ।

प्रदेश नम्बर २ मा पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट २ जनाको मृत्यु भएको छ भने १ सय ६४ जनामा संक्रमण पुष्टि भएको छ । २६ महिलासहित १ सय ६४ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । मंगलबार सर्लाहीमा ५०, धनुषामा ३८, रौतहटमा २६, महोत्तरीमा १७, बारामा १७, सिरहामा १५ र पर्सामा १ जना व्यक्ति संक्रमित भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

प्रदेशमा संक्रमितको संख्या ९ हजार १ सय ८१ पुगेको जनाइएको छ भने संक्रमितमध्ये ७ हजार ८ सय ५९ पुरूष र १ हजार ३ सय २२ जना महिला रहेको प्रदेश स्वास्थ्य निर्देशनालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक विजय

बाँकी ४ पेजमा

## गोलबजार नगरपालिकाले आफ्नै लगानीमा थाल्यो पीसीआर परीक्षण

**गोलबजार** । गोलबजार नगरपालिकाले आफ्नै लगानीमा पीसीआर परीक्षणका लागि स्वाब संकलन सुरू गरेको छ । नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य अधिकृत सरोज कर्णका अनुसार नगरपालिकाको लगानीमा २ हजार भिटिएम खरीद गरि स्वाब संकलन सुरू गरेको हो । उनका अनुसार भदौं ५ गते ७३ जना र भदौ ८ गते १११ जनाको स्वाब संकलन गरि परीक्षणका लागि बिराटनगर पठाइएको जानकारी दिए । त्यसैगरि मंगलबार आइशोलेसनमा बसेका १२ प्रहरीसहित १६ जनाको स्वाब संकलन गरि पीसीआर परीक्षणका लागि धरान पठाइएको जनस्वास्थ्य अधिकृत कर्णले जानकारी दिए । यसअघि धनगढीमाई नगरपालिकाले पनि नगरपालिकाको लगानीमा नगर क्षेत्रका सर्वसाधारणको पीसीआर परीक्षण सुरू गरेको थियो ।

भित्री पृष्ठमा

हाम्रो साधन
पेज २ मा

स्थानीय तहका जनप्रतिनिधिको भूमिका
स्तम्भ : पालिका बहस
पेज ४ मा

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!



हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरुको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरुमा अनुरोध छ ।

हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



अशोकलाल अमात्य
अध्यक्ष
जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहान

# सम्पादकीय

## सामाजिक कार्यमा अघि बढौ

मानिस जुनसुकै बेला जस्तोसुके अप्ठेरोमा पर्न सक्दछ । मानिसले गर्ने समाजसेवाको सहयोग भनेको आफ्ना लागि गरेको बचत हो । अरुलार्य पर्दा सहयोग गरेमात्र आफूलार्य पर्दा पनि राहत पाउन सकिन्छ । जति अरुलाई सेवा गऱ्यो त्यति नै पुण्य मिल्ने कुरा विद्धानहरूले पनि बताएका छन् । जुनसुकै धार्मिक ग्रन्थमा पनि समाजसेवा गर्नुपर्ने र यसले पुण्य मिल्ने कुराहरू कुनै न कुनै रुपमा लेखिएका छन् । हिन्दु धर्मग्रन्थहरूमा उल्लेखित 'परोपकार पुण्याय पापाय परपीडम्' उक्तिले नै सार बोकेको छ । मुसलमान सम्प्रदायले आफ्नो आयको केही हिस्सा गरिब गुरुवालाई बाँड्ने गरेका छन् । क्रिश्चियन सम्प्रदायमा पनि यस कुराको मान्यता छ । धर्म मात्र नभएर सामाजिक अनि आत्मिक हिसाबले सोच्ने हो भने पनि समाजसेवा ठूलो कुरा हो । विश्वमा एकले अर्कोलाई गर्ने सहयोगबाट मात्र दुःखीहरूले राहत पाउन सकेका छन् ।

सामाजिक कार्य या समाज कार्यको छोटो अर्थ समाजका लागि गर्ने काम हो । यो आफ्नो व्यक्तिगत कामभन्दा फरक हुन्छ । यसमा आफ्नो घर परिवारभन्दा बाहिर अन्य घर परिवारका पारिवारिक सदस्यहरूदेखि ठूलो समुदाय हुँदै सिंगो राष्ट्रलाई पनि सहयोग गर्न सकिन्छ । समाजसेवा एउटा मानवीय धर्म हो र हर मानिसमा मानवीयता हुन्छ । समाजसेवा आत्मचाहना हो र आत्मा सन्तुष्टिका लागि मानिसले गर्ने गर्छ । समाजसेवा निस्वार्थ हुनुपर्छ नै तर आजभोली हर क्षेत्रमा स्वार्थीहरूको प्रवेश भएको छ ।

समाजसेवी बन्नलाई ठूलो त्याग गर्नुपर्छ र तिलान्जली अर्पण गर्नुपर्छ । समाजसेवी भनेर आफुलाई समाजमा उभ्याउनु भन्दा स्वयंसेवक भन्दा समाजले अझ सम्मान गर्ने छन् र विश्वास बढ्ने छ । जो कोही समाज समाज सेवामा लागेका छन् र उनीहरूले त्यो सम्मान खोज्दैनन् । समाज सेवाको मर्म बुझ्न कोसिस गर्नुपर्छ । विशुद्ध समाज सेवीलाई सम्मान गर्न सिक्नुपर्छ । समाजसेवी आफुले होइन अरुद्वारा पुकारिनु पर्छ र सम्बोधन हुनुपर्छ ।

सामाजिक कार्य विशेषगरि समाज र नागरिकप्रति समर्पित कार्य हो । यो व्यक्तिगत स्वार्थबाट सधै टाढा रहने गर्दछ । नेपालको विकास क्रममा सामाजिक सेवा तथा कार्यको पनि लामो इतिहास छ । विभिन्न कालखण्डमा धेरै अभियन्ताहरूले सामाजिक सेवाका लागि जीवन समर्पित गरेका प्रशस्तै दृष्टान्त छन् । हाल यो क्रम जारी नै छ । चरम व्यक्तिगत, पारिवारिक, नातागत र धन कमाउने स्वार्थको राजनीतिक छायाँले सामाजिक अभियन्ताहरूलाई छोपेको छ । तर, पनि अभियन्ताहरुको अभियानमा कुनै कमी आएको छैन ।

पछिल्लो पटक लहान नगर क्षेत्रमा विशेषगरि लकडाउन सुरु भएपछि गरिब, दलित, निमुखा परिवारको दु :खमा मल्हमपट्टी लगाउन मस जोडिको नामले परिचित महेश–संगीताको जोडि यस्तै समाज सेवामा सक्रिय छ । उनीहरूले लहान नगर लगायत धनगढी क्षेत्रका गरिब, दलित बस्तीमा पुगेर निस्वार्थ भावनाले राहत वितरण गरेका छन् । गरिबका झुपडीमा पुगेर राहत मात्र वितरण गरेका छैनन् उनीहरूको भावनाको कदर गरेर मानवीय सेवा गरेका छन् । अन्न नहुनेलाई अन्न, चूल्हो नबलेकालाई चूल्हो वितरण गरेर सामाजिक अभियानको कार्यको थालनी गरेका छन् । लहान नगर क्षेत्रमा थुप्रिएको फोहोरलाई आफ्नै पहलमा उठाएर सांकेतिकरुपमा विकासे काममा पनि सक्षम छु भन्ने प्रमाणित गरेका छन् ।

समाजसेवा व्यक्तिगत स्वार्थभन्दा माथी उठेर समाजको सर्वोपरि हितको निम्ती लाग्नु हो । तसर्थ समाज एकाध रुपमा अघि बढेका सामाजिक मनोभाव बोकेका व्यक्तिहरूलाई सम्मान गरौं र हैसेमा होस्ठे गर्न नबिर्सौं । यही नै सामाजिक अभियन्ता प्रतिको कदर हुनेछ ।

# हाम्रो साधन

मैले एउटा पछिल्लो लेखमा हाम्रो लक्ष्यमाथि प्रकाश पार्ने प्रयत्न गरेको थिएँ । त्यसमा मैले नेपाली राष्ट्रिय कांग्रेसको तात्पर्य के हो भन्ने स्पष्ट पारेको छु । प्रस्तुत लेखमा हाम्रो साधनका बारेमा केही भन्न गइरहेको छ । हामी आफ्नो ध्येयसम्म कुन बाटोबाट पुग्ने ? यस सम्बन्धमा अहिलेसम्म नेपाली राष्ट्रिय कांग्रेसका जति साहित्य निस्केका छन् सबैमा हाम्रो साधन शान्तिमय र अहिंसात्मक रहनेछ भन्ने स्पष्ट रूपले घोषित गरिएको छ ।

हिन्दुस्थानका राजनीतिज्ञहरूबीच हिंसा र अहिंसाको प्रश्नलाई लिएर ठूलो विवाद चल्यो । कांग्रेसले गान्धीजीको अनुपम नेतृत्वमा अहिंसाको साधनलाई स्वीकार गऱ्यो । यसले स्वराज्यको निम्ति जति आन्दोलन चलायो, ती सबै अहिंसात्मक थिए । अन्यमा गान्धीजीको तरिकाद्वारा नै हिन्दुस्तानमा स्वतन्त्र प्राप्त भयो । अंग्रेजजस्तो शाक्तिशाली साम्राज्यवादीका विरूद्ध त अहिंसात्मक जनआन्दोलन सफलतापूर्वक चल्न सक्यो भने, केवल मुट्ठीभरका शासक वर्गलाई हटाउनुपर्ने हामीलाई त्यो उपायले झन् छिटो सफलता दिलाउन सक्छ भन्नेमा सन्देह छैन । अहिंसात्मक लडाईको एउटा मुख्य गुण के हो भने त्यसले विरोधी पक्षको हृदयमा पनि सत्याग्रहीहरूको लक्ष्यप्रति आदरको भाव जागृत गराउँछ । विदेशीका विरूद्ध भएको प्रयोगभन्दा आफ्नै देशबासीका विरूद्ध भएको प्रयोग अधिक प्रभावकारी हुन्छ । सातसमुद्रपारि बसेर राज्य चलाउने विदेशीमाथि हिन्दुस्तानको अहिंसात्मक युद्धबाट कम असर पर्न पनि सम्भव छ । तर, काठमाडौंका जनताले आफ्नो मानवीय अधिकारका लागि काठमाडौमै बसेर राज्य गर्ने शासकविरूद्ध निःशस्त्र आन्दोलन चलाएका खण्डमा निश्चय पनि ठूलो प्रभाव पर्छ ।

गान्धिजीलाई मनुष्यको असल प्रवृत्तिमाथि अटल विश्वास थियो । जस्तै निष्ठुर हृदयमा समेत सत्याग्रहको उचित प्रभाव नपरी छाड्दैन भन्ने पनि उहाँमा ठूलो विश्वास थियो । यस सम्बन्धमा मतभेद हुनसक्छ । कतिपयले मानवताको संसर्गमा नआएको व्यक्तिमाथि सत्यग्रहको परिवर्तनकारी प्रभाव पर्नै सक्दैन भन्ने मत पनि राख्न सक्छन । कतिपय विचारकका दृष्टिमा असल उदाहरणद्वारा विरोधीको हृदय परिवर्तन गर्ने कुरा राजनितिको ठोस वास्तविकतामा केही स्थान नरहेको कोरा अदर्शवाद मात्र हो । हुनसक्छ यस्ता विचारक नै ठीक हुन् र गान्धीजी अव्यवहारिक दार्शनिक मात्र हुन् ।

अब, हामी वास्तविकताकै तराजुमा हिंसा र अहिंसाका साधनलाई तौलने प्रयत्न गरौं । के हामि हिंसाद्वारा आफ्नो ध्येय 'जनराज्य' सम्म पुग्न सक्छौं ? जनरलहरूको कुनै पनि काम गर्नु भन्दा पहिले शत्रुपक्षको शक्तिको सही अड्कल लाउन सक्नुपर्छ । यो कुरा हिंसात्मक युद्धमा नितान्त शवश्यक छ । हामीले हिंसात्मक लडाई गर्दा सबभन्दा पहिले शत्रुपक्षले हाम्राविरूद्ध कतिसम्म हिंसात्मक शक्ति प्रयोग गर्न सक्छ भन्ने लेखाजोखा गर्नुपर्छ । वर्तमान युगमा कुनैपनि सरकारले जनताको संस्थाभन्दा कता हो कता, उग्र रूपसँग हिंसाको संगठन गर्न सक्छ ।

अठारौं शताब्दीका राजनीतिक विचारहरूका सामुन्ने आजको जस्तो समस्या थिएन । यस प्रकारका ठूला–ठूला कारखाना र ठूलो पुँजीको आवश्यकता हुने हतियार थिएनन् । भरूवा बन्दुक नै मुख्य हतियार थियो । त्यस बखत हिंसाको संगठनको दृष्टिबाट जनताको संस्था र सरकारका साधनहरूबीच खास फरक थिएन । आजकाल हतियार वनाउनु जनताको संस्थाको सामर्थ्यभन्दा कता हो कता बाहिरको कुरा भएको छ । जनताले विदेशबाट केही हतियार पाउन सक्यो भने पनि राज्यको अधिकार लिन चाहिने परिमाणको हतियार पाउन सम्भव हुँदैन । देश युद्धमा संलग्न भएको वा सरकारले अरू कुनै प्रकारको विपत्तिको सामना गर्नु परिआएको कुनै खास परिस्थितिमा बाहिरबाट प्राप्त भएका हतियारले पनि गुरिल्ला किसिमको लडाई सुरू गर्न सकिन्छ । यसका लागी जनताले विदेशबाट हतियार पाउने प्रयत्न गर्नुपर्ने मात्र होईन, अन्तराष्ट्रिय स्थितिमै सोह्रै आना निर्भर रहनुपर्छ । हो, ठूलो जनआन्दोलन भएको खण्डमा गुरिल्ला लडाई प्रारम्भ गर्न सकिन्छ । अर्थात् जनताले त्यस अवस्थामा विदेशी परिस्थितिमा निर्भर रहनु पर्दैन, देशव्यापी आन्दोलन आफैं प्रारम्भ गरेर सरकारको शक्तिलाई दमनमा व्यय गराउन गुरिल्ला किसिमको लडाई गर्न सकिन्छ । तर, देशव्यापी आन्दोलन चलाउन सकिन्छ भने हिंसाको संगठनको आवश्यक्तानै पर्दैन, त्यसबाटै सरकार ढल्छ । माथिको विवेचनाबाट हामी दुई परिमाणमा पुग्छौं–(१) जनताको संगठनद्वारा सफलतापूर्वक हिंसा वा शस्त्रको प्रयोग गर्नको लागि पर्याप्त मात्रामा आधुनिक शस्त्र प्राप्त हुन सक्तैन, (२) अन्तर्राष्ट्रिय स्थितिबाट उत्पन्न विशेष अवस्था वा देशव्यापी जनआन्दोलनका समयमा सरकारलाई कमजोर बनाउन हिंसात्मक आन्दोलन चलाउन सकिन्छ ।

अन्तर्राष्ट्रिय परिस्थिति सोह्रै आना जनताको संगठनको अनुकूल भएको आधारमा संस्थाले राजनीतिक कार्यक्रम बनाउनु उसको कार्यदक्षता प्रयोग गर्नु हो । अर्को स्थिति अर्थात देशव्यापि जनआन्दोलन भएको अवस्थामा हिंसाको कुरा गर्नु नै व्यर्थ हो । मानौं, हिंसाद्वारा पनि राज्यमाथि कब्जा गर्न सम्भव छ । तर, हाम्रो ध्येय त केवल राज्यमाथि कब्जामा गर्नु मात्र होईन । हाम्रो ध्येय जनताको राज्य स्थापित गर्नुपनि हो । नेपाली राष्ट्रिय कांग्रेस हिंसाद्वारा राज्य कब्जा गर्न सक्यो भने पनि यस संस्थाले आफ्नो दलको राज्य कायम गर्नर अहिलेका राणा परिवारको ठाउँमा त्यस्तै अर्को परिवार वा व्यक्ती–समूहको निरंकुश शासन स्थापित हुन सक्छ । जुन आन्दोलनमा जनताको सक्रिय सहयोग हुँदैन, त्यसबाट जनताको राज्य कायम हुन्छ भनेर चिताउनु रछ्यानलाई राम्रो देखेजस्तो मात्र हो । नेपाली राष्ट्रिय कांग्रेसले देशव्यापि रूपमा जनताको सक्रिय सहयोग प्राप्त गर्न सक्छ भने हिंसाको मार्गमा लाग्ने मुर्खता मात्र होइन, देशको हितविरूद्ध काम गर्नु पनि हो । नेपाली राष्ट्रिय कांग्रेसले जनताको व्यापक सहयोग प्राप्त नगरी केवल गुप्त षड्यन्त्रकारी हिंसात्मक सङ्गठनद्वारा शासनको अधिकार हासिल गर्न सक्छ भने म त्यस अवस्थामा जनताको जीवनमा विशेष परिवर्तन हुने सम्भावना

बाँकी ३ पेजमा

धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा प्रदेश नं. २ नेपाल

धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी

अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।04।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक–पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को बैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ–आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

२०७७।५।०५
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

# लकडाउनले सकसमा परेका दलितहरु, ओझेलमा उत्पीडन

**दलित आवाज**
**मणिलाल विश्वकर्मा**



सिरहाको लहान नगरपालिका–१५ ढोढनाको मेनहर्वा ४० घरधुरी मुसहर समुदायको बाहुल्य रहेको दलित बस्ती हो । जंगलबाट दाउरा ल्याएर बिक्री गर्ने, कृषि मजदुरी, पशुपालन र खोलामा गिट्टी बालुवा चालेर जीविका चलाइरहेका मेनहर्वाका दलितहरू कोरोना भाइरस (कोभिड– १९) को संक्रमण रोक्न सरकारले गत चैत ११ गतेदेखि लकडाउन गरेपछि गाउँघरमै थुनिएका छन् । लकडाउनले गाउँघरमै थुनिदा उनीहरूको हातमुख जोड्ने समस्या भने जटिल बन्न थालेको स्थानीय रामे सदाय बताउँछन् ।

'लकडाउनले गाउँघर बाहिर निस्किन नपाएपछि मजदुरीको काम रोकिएको छ' उनले भने 'काम रोकिंदा हातमुख जोड्न पनि समस्या हुन थालेको छ ।' मेनहर्वा गाउँका ४० घरधुरीका काम गर्न सक्ने जति प्रायः सबै छिमेकी गाउँ ढोढना, बानो, बीरनगर, मोहनपुर, शोभापुर लगायतका गाउँमा मजदुरी गर्न जान्थे । त्यही मजदुरीबाट जीविका धान्ने बाटो लकडाउनले बन्द भएपछि अप्ठ्यारो परिरहेको सदायले गुनासो गरे । मजदुरी गर्न नपाएपनि जंगलबाट दाउरा ल्याएर बेच्न हाटबजार समेत बन्द रहेकाले कहाँ लगेर बेच्ने भन्ने समस्या थपिएको स्थानीय आशादेवी सदाय बताउँछिन् । 'गाउँघरमा बेचौं गाउँ डुल्न बन्देज छ, हाटबजार जानु त्यता पनि बन्द, कता लैजाने अप्ठ्यारो छ' उनले भनिन् ।

गिट्टी बालुवा, झारजंगल गरेर हातमुख जोड्दै आएका दलित बिपन्नहरूको घरमा चुलो राम्ररी नबलेको करिब छ महिना पुग्न लाग्यो । स्थानीय खुट्टी खोलामा गिट्टी बालुवा चालेर परिवार चलाउँदै आएका दलितहरू वर्षामा खोला बन्द, त्यसमा पनि लकडाउनको कारणले आम्दानीको स्रोत बन्द हुँदा चुलो बाल्नै सकस भएको गुनासो गर्छन् । 'दैनिक पाँच सय रूपैयाँ कमाउने बाटो बन्द भएको छ' उनीहरू भन्छन् 'ऋण सापटी पनि कसैले पत्याउँदैनन्, भोकभोकै मरिने भइयो ।' पछि धकेलियो मुद्दा लहान नगरपालिका १८ भदैयाका हरि पासवानले आफ्नो बाबुले आफू जीवित छँदै सात जनाको जग्गा जोतेवापत्को मोही जग्गाका लागि मालपोत तथा भूमिसुधार कार्यालय सिरहामा मुद्दा जोडेका थिए । सरकारले जग्गा जोतेका वा जोतिरहेका जोताहाले मोही जग्गा प्राप्तिका लागि प्रकृया पुऱ्याएर भूमिसुधार कार्यालयमा दिनुपर्ने निवेदन समयमा दिन पाएका थिएनन् । मोही जग्गा प्राप्तिका लागि निवेदन दिनु पर्ने कुरा थाहा पाए लगत्तै दलित जनकल्याण युवा कलबको सहजीकरण अन्तर्गत मालापोत तथा भूमिसुधार कार्यालयसँग समन्वय गरि निवेदन दिन लगाइएको थियो । पासवानले भूमिसुधारमा शिवकुमार कामतीको भदैया १ कित्ता नं. ४८, १२० र १३९ को ११ कट्ठा ५ धुर, एक कट्ठा १७ धुर तथा एक बिघा आठ कट्ठा जग्गामा मुद्दा जोडेका छन् । त्यस्तै, वैजनाथ साहको नाममा रहेको भदैया ३ कि.नं. २४९ को ४ कट्ठा ४ धुर, अधिन मियाँको भदैया ३ कि.नं. १२१ को २ कट्ठा १६ धुर, अनुप भन्ने यकुव मियाँको भदैया ३ को कि.नं. ३४ को तीन कट्ठा १५ धुर र कि.नं. ३५ को ६ कट्ठा जग्गामा मोही माग गर्दै पासवानले मोहीको मुद्दा जोडेका छन् । मुद्दा जोडेपछि समन बुझाउन बाँकी रहेको पासवानलाई कानुनी रूपमा सघाइरहेका लेखापढी व्यवसायी सुनिल पासवानले बताए । पासवानले मोही जग्गा माग गर्दै रामचन्द्र साह, भदैया १ को कि.नं. १६८ को १४ कट्ठा र हरि पासवानको भदैया १ कि.नं. ५८८ मध्ये ५ कट्ठा र कि.नं. ५७९ को ४ कट्ठा जग्गामा मोही माग दाबी गर्दै मुद्दा जोडेका थिए । कोरोना भाइरस (कोभिड–१९) को संक्रमण फैलिने जोखिम पछिल्लो चैत ११ गतेदेखि लकडाउनमा सरकारी कार्यालयहरू समेत बन्द भएपछि उनको मुद्दा पछाडि धकेलिएको छ ।

लकडाउनको कारणले पत्नी, दुई छोरा, तीन छोरी र आमासहित आठ जनाको परिवारको जीविका चलाउन समस्या भइरहेको उनले बताए । 'लकडाउनले काम समेत गर्न नपाउँदा चुलो बाल्न अप्ठ्यारो परिरहेको छ' उनले भने ।

**दलित हत्याको श्रृंखला**

लडाउनले हातमुख जोड्नै अप्ठयारोमा परेका दलितहरू लकडाउनको अवधिमा झन् असुरक्षित बन्दै गएका छन् । कारागारमा रहँदा लिएको एक हजार रूपैयाँ सापटी फिर्ता नगरेको निहुँमा मारिएका लहान १ मटियर्वाका रोशनकुमार राम हुन् वा मोही जग्गा विवादको आवरणमा सामूहिक बलात्कार घटना विरूद्ध किटानी जाहेरी दिएर अपराधीहरूलाई जेल पुर्‍याउने लडाइँ लडेका सप्तरीको शम्भुनाथ नगरपालिका ३ कचन्दाहाका त्रिभुवन राम हुन् वा धनुषाको सबैलाका शम्भु सदा, सबैको हत्याको पृष्ठभूमि फरक फरक भएपनि त्यसको अन्तर्य एउटै हो– दलितहरूको पक्षमा बोलिदिने आवाज लकडाउनमा केही मधुरो बनेको छ । र, त दलितहरूमाथि निर्मम अत्याचार हुँदा पनि राजनीतिक आन्दोलनमा सकृय रिपोर्टिङ् गर्ने, समाचार प्रकाशन, प्रसारण गर्ने संचारमाध्यमहरूको आँखा र ध्यान दुरदराजका गाउँबस्तीहरूमा पुग्न सकेको छैन, जहाँ केही स्वघोषित राजनतिकर्मी, ठालुहरूले समाजसेवाको दलितहरूमाथि चरण शोषण उत्पीडन गरेर आफ्नो छद्म राजनीति गरिरहेका छन् । बोल्न खोज्नेहरूको सके मुख थुन्ने, नसके किन्ने, त्यसले पनि सम्भव नभए मनोवैज्ञानिक दबाब दिएर भएपनि आफ्नो छद्मभेषी राजनीतिको बाटोमा कसैलाई पर्नै नदिने अभियान नै चलाइरहेका छन्, उनीहरूले । 'दलितहरूमाथिको ज्यादती अति भो' भन्दै लकडाउनमा सयौंको जुलुश निकाल्न सक्नेहरू, जुलुशको नेतृत्व गर्नेहरू पनि कुनै राजनीतिक दर्शनबाट अलग हुने कुरा भएन र हुँदैन पनि । अमुक पार्टीको स्थानीय नेताको हैसियत बनाएको व्यक्तिले ओत लागेको राजनीतिक छहारीमा रहन चाहने दलित अगुवाहरूले कम्तिमा तिनले गरेको दलित विरोधी हर्कतको बारेमा औंला उठाउने हिम्मत चाहि गर्नैपर्छ ।

## हाम्रो साधन ...

देख्दिनँ । त्यस अवस्थामा केवल त्यो अधिकार लिएर राणा परिवारको ठाउँमा अरू व्यक्तिहरु आसीन मात्र हुनेछन् । तसर्थ, आदर्श र व्यवहारिक दुवै कुरालाई ध्यनमा राखेर गम्भीर विचार गरेपछि शान्तिमय र अहिंसात्मक आन्दोलनलाई आफ्ने ध्येयसम्म पुग्ने साधन भनेर हामीले निश्चित गऱ्यौं । यो बाटो बाहिरबाट हेर्दा लामोजस्ते दखिन्छ । तर, यथार्थमा जनताका लागि यस बाहेक अर्को उपयुक्त बाटो छैन । अरूहरूले देखाउन लागेको हिंसात्मक बाटो सबै । रजनीतिक राहरिकता मात्र हुन् । 'तातै खाउँ जलि मरूँ' भनेझैं हामी हतारियौं भने हाम्रो प्रयत्न पनि व्यर्थै खेर जानेछ । अहिंसाको लडाईको हतियार जनताको व्यापक संगठनको आधार हुन्छ । एउटा आदर्शको निमित्त जनतामा रहेको सानोतिनो विरोधको भावनालाई त्यागेर एकताको भावना उदय हुनुपर्छ । हामी अहिंसात्मक राजनीतिका कार्यकर्ताहरुमा रहेको यस प्रकारको एकताको भावना हिंसाको आधारमा संगठित संस्थाका सदस्यको भावनाभन्दा एकदम भिन्न हुन्छ । हाम्रो नेपाली राष्ट्रिय कांग्रेस जनताको खुला संस्था हो । विभिन्न विचारका मानिस यसमा आउँछन् र सदस्य बन्छन् । सबैले आफ्नै कुरा मात्र सही हो र अर्काको अमान्य हो भन्ने लिँडेढिपी गरिरहने हो भने हामीले जनताको हतियारका रूपमा बनाउन चाहेको 'राष्ट्रिय संगठन' कहिल्यै बन्न सक्दैन । त्यसका लागि हामीमा सहिष्णु भावना हुनु नितान्त आवश्यक छ । नेपाली राष्ट्रिय कांग्रेसलाई जनताको संस्था बनाउनका लागि हमीले जनताभित्रै काम गर्नुपर्छ । यो संस्था जनताको हो । तर, हमीले यसलाई जनतासम्म पुऱ्याउन सकेका छौं ? नेपाली राष्ट्रिय कांग्रेसले जबसम्म जनताको सहानुभूति र सद्भावना पाउन सक्दैन, तबसम्म यो संस्थाले आफ्नो ध्येयका लागि आवश्यक शक्ति–संग्रह गर्न पनि सक्दैन । यस संस्थाको शक्ति नै दुनियाँ–रैतीको शक्तिको मापन पनि हो । जनता र नेपाली राष्ट्रिय कांग्रेसबीचको यस्तो सम्बन्धलाई हामीले बुझ्नुपर्छ र जनतालाई बझाउन सक्नुपर्छ ।

*– १९४८ (स्रोत : युगवाणी, अङ्क ५)*

*विश्वेश्वरप्रसाद कोइराला–राजनीतिक अभिलेख*

## सखुवानन्कारकट्टी ...

सखुवानन्कारकट्टी गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष शुभ नारायण यादवले एकै प्रकारको लक्षणबाट दुई दिनमा तीन जनाको मृत्यु भएपछि कटैया गाउँ त्रसित बनेको बताए ।

मृतक तिनै जनाले टोलमैं घरेलु मदिरा सेवन गर्दै आएको र विषाक्त रक्सीकै कारण मृत्यु भएको हुनसक्ने अनुमान गाउँलेको रहेको वडाध्यक्ष यादवले सुनाए । 'मृतक सबैले टोलमैं घरेलु मदिरा सेवन गरेको भन्ने पीडित परिवारले जानकारी गराएका छन्,' वडाध्यक्ष यादवले भने । इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी शरद थापा क्षेत्रीले घटनाको अनुसन्धान भइरहेको र मृतक पोष्टमार्टम रिर्पोट आएपछि मृत्यु बारे एकिन गर्न सकिने जानकारी दिए । सखुवानन्कारकट्टी गाउँपालिकाका स्वास्थ्य संयोजक हरि नारायण चौधरी, सिनियर अहेव राजेन्द्र प्रसाद यादव, अहेव विद्यासागर यादवको टोली घट्ना भएको गाउँ पुगेका थिए । स्वास्थ्य संयोजक चौधरीले मृतक सबैमा टाउको दुख्ने, वान्ता आउने र त्यसपछि बेहोस भएर मृत्यु भएको जानकारी आफूहरूले पाएको बताए । 'पीडित परिवारजनका अनुसार मृतकले घरेलु मदिरा सेवन गरेको पाइएको छ,' स्वास्थ्य संयोजक चौधरीले भने, 'एकै प्रकारको लक्षण देखिएको ३ देखि ४ घण्टाको अवधिमा मृत्यु भएको देखिन्छ ।'



मृतक श्यामदेवका कर्तावसेका १३ वर्षीय छोरा पारस यादव, ८ वर्षीय छोरा प्रिन्स र ६३ वर्षीया आमा असलानदेवी ।

विषाक्त घरेलु मदिराका कारण मृत्यु भएको हुनसक्ने उनले बताए ।

**नवराजपुर गाउँपालिकामा पनि २ को मृत्यु**

एक साता अवधिमा सिरहाको नवराजपुर गाउँपालिका–३ फँलबरीयाको डोम बस्तीमा २ जनाको मृत्यु भएको छ । गत साउन ३२ गते २५ वर्षीय उदगार मरिक र भदौ ५ गते २७ वर्षीय नागेन्द्र मरिकको मृत्यु भएको छ । मदिरा सेवन गरेर सुतेका ती दुवै जनामा टाउको दुख्ने, बान्ता हुने र बेहोस भएर मृत्यु भएको स्थानीयले बताएका छन् ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**–: जनहितका लागि :–**

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्रा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्रा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**नवराजपुर गाउँपालिका कार्यालय सिरहा**

# स्थानीय तहका जनप्रतिनिधिको भूमिका

## पालिका बहस

### सृजना केसी



राजनीतिक परिवर्तनपछि संविधान सभाबाट निर्माण भएको संविधानले राज्यको पुर्नसंरचना गरि तीन तहका सरकारमा राज्य शक्तिको बाँडफाँड गऱ्यो । जनताको नजिक राज्य पुग्न सकोस र जनजीविकाका सवालहरूको शीघ्र र न्यायपूर्ण सम्बोधन हुन सकोस भनि संविधानमा नै संघ, प्रदेश र स्थानीय तहका अधिकारहरूको स्पष्ट ब्यवस्था गरियो । निर्वाचनमार्फत जनताले सबै तहका सरकारको निर्माण गरे । केन्द्रमा कुनै न किसिमको सरकारले संविधान निर्माण पूर्व शासन सञ्चालन गरेको भएतापनि नीतिगत स्थिरता नहुँदा विकासले फड्को मार्न सकेको थिएन ।

अहिले स्थिर सरकार छ । जनताको नजिक रहने संघीय व्यवस्थाको मर्म अनुरूपका प्रदेश र स्थानीय तह छन । अझ जनताको सुखःदुखसँग प्रत्यक्ष सम्बोधन गर्ने स्थानीय तहका ७५३ सरकार गठन भई करिब तीन वर्षभन्दा बढीदेखि सक्रिय छन । जनआकांक्षा पुरा गर्न जनप्रतिनिधिले प्रयास गर्दागर्दै पनि परिणाम अपेक्षित रूपमा प्राप्त हुन सकिरहेको छैन । यस परिस्थितिमा निवार्चित जनप्रतिनिधिले सरोकारवालाको सहभागिता, बलियो समन्वय र गतिशिल नेतृत्वका माध्यमबाट थप सुधारात्मक नतिजा प्राप्त गर्न सुझबुझका साथ थप मिहेनत गर्नु आजको आवश्यकता हो ।

अहिले स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारी र बजेट संघीय व्यवस्था आउनुभन्दा अधिको तुलनामा उल्लेख्य हो । विगतका केन्द्रमा रहने कतिपय मन्त्रालयको विकास बजेट भन्दा स्थानीय तहलाई प्राप्त बजेट ठूलो रकममा छ । यसले सानातिना विकासका काम र स्थानीय आवश्यकतालाई पुरा गर्न केन्द्रमा धाईराख्नु पर्ने अवस्थाको अन्त्य मात्र गरेको छैन, त्यस्ता कामलाई शीघ्र सम्पन्न गर्न सक्ने अवस्था समेत सिर्जना गरेको छ । स्थानीय तहका सरकारको अभ्यास नौलो भएका, संघीय सरकारबाट कर्मचारी समयमै व्यवस्थापन हुन नसकेको, जनप्रतिनिधि र कर्मचारीबीच असमझदारीको वातावरण रहेको, जनप्रतिनिधिको क्षमता विकास प्रर्याप्त हुन नसकेको, नीतिगत अन्यौलता रहेको अवस्था छ । यसैगरी स्थानीय विकासका योजनाहरूको स्पष्ट खाका समयमा बनाउन नसकिएको, जनसहभागिता अपेक्षित गराउन नसकिएका, स्थानीय तहको करबारे अनावश्यक हल्ला फैलिएको, राजस्व परिचालनमा स्वयं स्थानीय तहको ब्यवस्थापककीय क्षमता कमजोर रहनु जस्ता कारणहरूले सोचे जस्तो सेवाप्रवाह गर्न नसकिएकै हो ।

स्थानीय तहमा संघका कर्मचारीको आशा गरेर गाउँघरको सेवालाई गुणस्तरीय, नतिजामुखी र नियमित बनाउन गाह्रो पर्ने अनुभव गरियो । सहायकस्तरका कर्मचारीको नियमित पदपूर्ति गर्न स्थानीय तहलाई नै अधिकार दिनुपर्ने देखिन्छ । जनप्रतिनिधिले यसमा आवाज उठाउनै पर्छ । अहिले हरेक स्थानीय तहमा स्नातक बेरोजगार बसेको अवस्था छ । यस्तो अवस्थामा दीर्घकाल रूपमा स्थानीय सेवा आयोग गठन गरि जनशक्तिको निरन्तर आपूर्ति गर्ने योजना बनाउनु जरूरी छ । विकासलाई दिगो र भरपर्दो बनाउन दिगो भू–उपयोग योजना बनाई एक एक टुक्रा जमीनको उच्चतम उपयोग गर्न जनप्रतिनिधिले नेतृत्व लिनुपर्छ । शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलमैदान, बसपार्क, पार्क, खेतियोग्य जमीन, सडक सञ्जाल, जंगल, ताल वा पोखरी, सामुदायिक भवन, बजार क्षेत्र लगायत स्मार्ट गाँउ वा शहरको लागि पूर्वाधार निर्माणको खाका अर्थात गुरूयोजना तयार गर्न ढिलो गर्नु हुदैँन । मानव विकास गर्ने, दक्ष जनशक्ति निर्माण गरि रोजगारी सिर्जना गर्ने र जीवनको गुणस्तर बढाउने भौतिक तथा मानवीय विकासका पूर्वाधारहरूको पनि समयमै निर्माण गर्नु आवश्यक छ ।

अहिले सार्वजनिक निर्माणका लागि सार्वजनिक जमीनको अभाव देखिएको छ । अधिग्रहण गरि मुआब्जा दिई यस्ता जमीनको जोहो गर्न कठिन छ । त्यसैले सार्वजनिक जमिनको संरक्षण गर्ने र इच्छुक दाताबाट जग्गा जुटाउने वातावरण पनि तय गर्नुपर्छ । दाताको सम्मानको वातावरण मिलाउन सकिएमा थप जमिन प्राप्त हुने सम्भावना पनि त्यत्तिकै छ । जसले जति टिप्पणी गरेपनि भरपर्दो सडक निर्माणलाई प्राथमिकतामा राख्नैपर्छ । बाह्रै महिना मोटर चल्ने, राम्रो ढल निकास भएका रणनीतिक सडकको निर्माणको लागि मौजुदा धुले सडकको स्तरोन्नतिको लागि उपल्लो तहका सरकारसँग समन्वय गरि पर्याप्त बजेट ब्यवस्थापन गर्न सकिएमा यी सडकहरु ग्रामिण विकासको कोशेढुङ्गा हुनेछन । यस सिलसिलामा जथाभावी नयाँ ट्र्याक खोल्ने र वातावरण कुरूप बनाई विपद् निम्त्याउने प्रवृत्तिलाई निरूत्साहित गर्नैपर्छ ।

ब्याप्त गरिबी समृद्धिको बाधक हो । गरिबी हटाउन रोजगारी सिर्जनालाई योजनाको केन्द्रीय उदेश्यमा राख्नुपर्छ । यसका लागि स्थानीय तहले व्यवसायिक गाई तथा भैसी, पोल्ट्री जस्ता फार्म स्थापना गर्ने, मौसमी तथा बेमौसमी फलफूल तथा तरकारी खेती गर्ने र कृषि र वन पैदावारमा आधारित उद्योग तथा व्यवसाय स्थापना गर्न जोड दिनुपर्छ । एक गाँउ एक उत्पादनका लागि उपयुक्त वस्तु छनौट गरी व्यवसायीक तवरमा लाग्नु पर्छ । पर्यटनको प्रचुर सम्भावना भएका जिल्लामा पर्यटनका पूर्वाधार निर्माण गरी आगन्तुकले रोजेको र खोजेको वस्तु तथा सेवा उत्पादन गर्न सक्नुपर्छ ।

जनप्रतिनिधिले प्रशासनिक सहजीकरण गर्ने, स्थानीय तहबाट पहुँच मार्ग निर्माण गरिदिने र आवश्यकताअनुसार अनुदान तथा लगानी गर्नुपर्ने देखिन्छ । विकास बजेटको खाँचो निरन्तर बढीरहेको छ । केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुने राजस्वमै सीमित हुने हो भने न वर्तमान अवस्थामा धेरै प्रगति हासिल गर्न सकिन्छ न त दीर्घकालीन स्रोतको ब्यवस्थापन गरि सक्षम स्थानीय तहको निर्माण गर्न सकिन्छ । त्यसैले गरिब तथा सामाजिक सुरक्षा आवश्यक पर्ने लक्षित जनतालाई बाधा नपर्ने गरि प्रगतिशील करका दायरा बढाई वित्तिय रूपमा सक्षम बनाउन स्थानीय तहका प्रतिनिधि जिम्मेवार भई लाग्नुपर्छ । पैसाको हरेक मूल्यको महत्वको हेक्का राख्नुपर्छ । करदातालाई पनि खुसी राख्नु पर्दछ ।

सार्वजनिक सेवालाई जनताको घरदैलोमा पुर्‍याउने, सेवालाई सरल र सहज बनाउने, प्रविधिमैत्री र सेवाग्राही मैत्री बनाई जनताले सार्वजनिक सेवा पाउने सिलसिलामा भोगेका ढिलासुस्ती, हैरानीको अन्त्य गर्न समेत समन्वयात्मक र नेतृत्वदायी भूमिकाको आवश्यकता देखिन्छ । कर्मचारीतन्त्रलाई गालीगलौज भन्दा उत्तरदायी बनाई उत्प्रेरित गर्न जरूरी देखिएको छ । सबै सेवा प्रदायकलाई समन्वय र सहजीकरणमार्फत घुम्ति सेवा, हेल्प डेस्क, फारामहरूको सरलीकरण, ई सेवाको प्रयोगको वातावरण विकास गर्न जनप्रतिनिधिको अगुवाईले थप बल मिल्ने छ । समावेशी विकास, कानुनको परिपालना र सुशासन कायम गर्न जनप्रतिनिधिहरूले उदाहरणीय कार्य गर्नुपर्छ । जुनसुकै दलबाट निर्वाचित भएपनि निर्वाचित भए पछि उनीहरु सबैका साझा हुन । संविधानले अंगालेको समावेशी लोकतन्त्रलाई स्थानीय जगदेखि नै बलियो बनाउन लाग्नु पर्दछ उनीहरु । पारदर्शी र सहभागितात्मक योजना तर्जुमादेखि कार्यान्वयन र लाभ वितरणसम्म समन्यायिक र निस्वार्थ रूपमा काम गरेमा जनताको राज्यप्रतिको धारणा पनि सकरात्मक बन्न बल पुग्छ ।

आगामी दिनहरु विकासको लागि आशालाग्दा छन । संघीय सरकारले कर्मचारीको व्यवस्थापन गर्ने छनक ल्याएको छ । 'सेलेक्टेड' कर्मचारी र 'ईलेक्टेड' प्रतिनिधिले एक अर्काका सीमा बुझेर काम गर्ने वातावरण बन्दै गएको छ । स्थानीय तहले बनाउनु पर्ने कानुन र कार्यविधि बन्दै गएका, आयोजनाहरूको तर्जुमा र आयोजना बैंकहरु तयार हुन लागेका छन । करको बारेमा रहेका नकरात्मक भ्रमहरु विस्तारै हटदै गएका, भौतिक पूर्वाधारका साथसाथै शिक्षा, स्वास्थ्य, क्षमता विकास जस्ता सामाजिक क्षेत्रको विकासमा समेत लगानी बढाउनु पर्ने सचेतना बढदै गएको छ । महिला, दलित, जनजाती तथा पछाडि रहेको वर्ग तथा समुदायलाई सामाजिक समावेशीकरणका माध्यमबाट अगाडि बढाउने वातावरण बनेको छ । सार्वजनिक सुनुवाइ, सूचनाको हकका माध्यमबाट पारदर्शिता कायम गरि सुशासन कायम गर्ने प्रयास भैरहेकोले हामी सबैले काम गर्ने बेला यही हो, आउ जुटौँ सबै मिली काम गरौ भन्ने भावनाका साथ काम गरेमा जनआकंक्षालाई धेरै हदसम्म पुरा गर्न सकिन्छ ।

*प्रशासन अनलाइनबाट*

## सिरहामा १५ ...

कुमार झाले जानकारी दिए । प्रदेशमा सबैभन्दा बढी पर्सामा २ हजार ९ जना संक्रमित रहेका छन् भने रौतहटमा १ हजार ५ सय ९०, धनुषामा १ हजार ३ सय ९, सर्लाहीमा १ हजार २ सय ८०, महोत्तरीमा १ हजार १ सय ३५, सप्तरीमा ७ सय ४७, बारामा ७ सय २३ र सिरहामा ३ सय ८८ जना व्यक्तिमा कोरोना संक्रमण पुष्टि भएको हो । प्रदेश २ मा सक्रिय संक्रमितको संख्या ४ हजार ८ सय ६ रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा ५६ जना व्यक्तिहरु अस्पतालबाट डिस्चार्ज भएका छन् । हालसम्म पर्सामा २८, धनुषामा ११, बारामा ७, सप्तरीमा ५, सिरहामा ४, रौतहटमा ३, सर्लाहीमा ३ र महोत्तरीमा ३ जना गरि ६४ जनाको कोरोना संक्रमणका कारण मृत्यु भइसकेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा



## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

औरही गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)